बागमती प्रदेश सरकार
संस्कृति तथा पर्यटन मन्त्रालय
पर्यटन विकास आयोजना
हेटौंडा, नेपाल

विष्णु बहादुर भण्डारी
आयोजना प्रमुख
०७९।२।२०

बागमती प्रदेश सरकार

संस्कृति तथा पर्यटन मन्त्रालय

# पर्यटन विकास आयोजना

हेटौंडा, मकवानपुर, नेपाल

## विशेषज्ञ इन्जिनियरिङ्ग परामर्श सेवा करारमा लिने सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति २०७९/०२/२२)

पर्यटन विकास आयोजना, बागमती प्रदेश, हेटौंडा, मकवानपुरमा तपसिल बमोजिमका विशेषज्ञ इन्जिनियरिङ्ग परामर्श सेवा करारमा लिनु पर्ने भएकोले तोकिए बमोजिम योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस आयोजनामा निवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यस सम्बन्धी आवेदन फारम, कार्यविवरण, योग्यता, पारिश्रमिक सहितको विस्तृत विवरण संस्कृति तथा पर्यटन मन्त्रालय, बागमती प्रदेश, हेटौंडा, नेपालको वेबसाईट https://mocat.bagamati.gov.np र पर्यटन विकास आयोजना, हेटौंडाको वेबसाईट https://tdp.p3.gov.np मा उपलब्ध रहेको छ ।

### आवश्यक सेवा सम्बन्धी विवरण

| क्र.सं. | पद | संख्या | आवश्यक न्यूनतम | |
|---|---|---|---|---|
| | | | शैक्षिक योग्यता | कार्य अनुभव |
| १ | विशेषज्ञ इन्जिनियर | २ (दुई) | सिभिल इन्जिनियरिङ्ग विषयमा कम्तिमा स्नातक गरी नेपाल इन्जिनियरिङ्ग परिषद् (Nepal Engineering Council) बाट दर्ता प्रमाण पत्र लिएको । | नेपाल इन्जिनियरिङ्ग परिषद् (Nepal Engineering Council) बाट दर्ता प्रमाण पत्र प्राप्त गरे पश्चात् सम्बन्धित काममा कम्तिमा दुई वर्षको अनुभव भएको प्रमाणपत्र । |

नोटः

१. संलग्न कागजातहरुको प्रतिलिपी नोटरी पब्लिकबाट प्रमाणित भएको हुनुपर्नेछ ।

२. अनुसूची १ बमोजिमको निवेदनमा उल्लेखित कागजातहरु (खाम बाहिर "निवेदन र संलग्न कागजातहरु" भनी उल्लेख गर्ने) र आफूले लिन चाहेको मासिक तलब रकम खुलेको यस आयोजनालाई सम्बोधन गरी लेखिएको निवेदन (खाम बाहिर "लिन चाहेको मासिक तलबको दरभाउ पत्र" भनी उल्लेख गर्ने) लाई छुट्टाछुट्टै खाममा राखी (Single Envelope) शिलबन्दी गरी पुनः दुबै शिलबन्दी खामलाई एउटा खाममा राखी (Double Envelope) शिलबन्दी गरेको हुनुपर्नेछ । बाहिरी खाममा बायाँतर्फ निवेदकको नाम, थर, ठेगाना र सम्पर्क नं. उल्लेख गरी दायाँतर्फ यस आयोजनाको नाम र ठेगाना उल्लेख भएको हुनुपर्नेछ, साथै खाम बाहिर "विषयः विशेषज्ञ इन्जिनियर पदको लागी निवेदन पेश गरेको" भनी उल्लेख गर्नुपर्नेछ ।

३. प्राप्त निवेदनहरुलाई स्वीकृत कार्यविधिको आधारमा प्रारम्भिक Short list गरिनेछ । Short list मा परेका निवेदकहरुलाई अन्तरवार्ताको लागि बोलाइनेछ ।

बागमती प्रदेश सरकार
संस्कृति तथा पर्यटन मन्त्रालय
पर्यटन विकास आयोजना
हेटौंडा, नेपाल

# विशेषज्ञ इन्जिनियरले संम्पादन गर्नु पर्ने कार्य विवरण

विष्णु बहादुर भण्डारी
आयोजना प्रमुख

विशेषज्ञ इन्जिनियरले आयोजना प्रमुखको सामान्य निर्देशन, नियन्त्रण र सुपरिवेक्षण तथा सिनियर विशेषज्ञ इन्जिनियरको मातहतमा रही आयोजनाको योजना तथा पूर्वाधार शाखाको करार सेवाको कर्मचारीको रुपमा देहायका विशेषज्ञ इन्जिनियरिङ परामर्श सेवासँग सम्बन्धीत कार्य गर्नु/गराउनु पर्नेछ ।

तपसिल

१. आयोजनाबाट गराउने सम्भाव्यता अध्ययन प्रतिवेदन (Feasibility Study Report), गुरु योजनाहरु (Master Plans), विस्तृत परियोजना प्रतिवेदन (DPR) र अन्य यस्तै अध्ययन अनुसन्धान प्रकृतिका कामको कार्य-क्षेत्रगत शर्त (Terms of Reference i.e. TOR), सोको लगत इष्टिमेट, खरीद कागजात, प्रस्ताव आह्वान, मूल्याङ्कन तथा सम्झौता सम्बन्धी कागजातहरु तयार गर्ने र स्वीकृतिको लागि आयोजना प्रमुख समक्ष पेश गर्ने ।

२. परामर्शदाताले पेश गरेका सम्भाव्यता अध्ययन प्रतिवेदन (Feasibility Study Report), गुरु योजनाहरु (Master Plans), विस्तृत परियोजना प्रतिवेदन (DPR) र अन्य अध्ययन/अनुसन्धान लगायतका दस्तावेजहरुको अध्ययन, मस्यौदाको पुनरावलोकन, फिल्ड भेरीफिकेशन गरी आवश्यक सुधारको लागि पृष्ठपोषण दिने तथा सुधार भई आए पश्चात् सहमति तथा स्वीकृतिका लागि आयोजना प्रमुख समक्ष सिफारिस गर्ने ।

३. अन्य निकायहरुबाट पेश भएका सम्भाव्यता अध्ययन प्रतिवेदन (Feasibility Study Report), गुरु योजनाहरु (Master Plans), विस्तृत परियोजना प्रतिवेदन (DPR) र अन्य अध्ययन/अनुसन्धान लगायतका दस्तावेजहरुको अध्ययन, पुनरावलोकन र फिल्ड भेरीफिकेशन गरी आयोजनाको लागि कार्यान्वायन योग्य बनाई स्वीकृतिका लागि आयोजना प्रमुख समक्ष सिफारिस गर्ने ।

४. निर्माण कामको ठेक्का सम्बन्धी कागजात (Bidding Documents) तयार गर्ने, प्रस्ताव आह्वान, मूल्याङ्कन तथा सम्झौता सम्बन्धी कागजातहरु तयार गर्ने र स्वीकृतिको लागि आयोजना प्रमुख समक्ष पेश गर्ने तथा यस सम्बन्धी सम्पूर्ण प्रकृयामा समन्वय, सरसल्लाह र सहजीकरण गर्ने।

५. ठेक्का व्यवस्थापन सम्बन्धी कार्यहरु जस्तैः बैंक जमानतको हद म्याद र व्यवस्थित अभिलेखन, निर्माण व्यवसायीलाई समयमै पत्राचार, कार्य प्रगति प्रतिवेदनहरुको व्यवस्थित अभिलेख र पृष्ठपोषण तथा सम्झौताका म्याद थप र सजाय तथा कारवाही जस्ता कामहरु कानुन बमोजिम समयमै सम्पादन गर्न लिखत तयार पार्ने, यस सम्बन्धी समन्वय, सरसल्लाह र सहजीकरण गर्ने तथा निर्णयको लागी पेश गर्ने ।

६. कार्यान्वयनमा रहेका निर्माण कार्यको समय समयमा अनुगमन गर्ने, साइट इन्चार्जले पेश गरेको फिल्ड नापीको आधारमा मूल्याङ्कन गरी किस्ता भुक्तानी बील तथा कार्य सम्पन्न प्रतिवेदनका कागजातहरु तयार पारी भुक्तानीको लागि पेश गर्ने ।

७. एक करोड रुपैयाँसम्म लागत अनुमान हुने योजनाको सर्भे, डिजाइन, नक्शा तयारी तथा लगत इष्टिमेट तयार गर्ने, पुनरावलोकन गर्ने तथा स्वीकृतिको लागि आयोजना प्रमुख समक्ष सिफारिस गर्ने ।

८. उपभोक्ता समिति मार्फत् हुने कामको लागत इष्टिमेट स्वीकृत, सम्झौता, कार्यान्वयन, कार्य सम्पन्न तथा भुक्तानी प्रकृयामा सहभागी भई समन्वय तथा सहजीकरण गर्ने ।

९. आफू मातहतका प्राविधिक कर्मचारीहरुको सुपरीवेक्षक भई काम गर्ने, निजहरुलाई काममा लगाउने तथा निजहरुको अर्द्धवार्षिक रुपमा कार्य सम्पादन मूल्याङ्कन गरी पेश गर्ने ।

बागमती प्रदेश सरकार
संस्कृति तथा पर्यटन मन्त्रालय
पर्यटन विकास आयोजना
हेटौंडा, नेपाल

१०. आफूले गरेका कामको पाक्षिक (१५/१५ दिने) प्रतिवेदन सिनियर विशेषज्ञ इन्जिनियरको सिफारिस गराई आयोजना प्रमुख समक्ष पेश गर्ने ।

राम बहादुर भण्डारी
आयोजना प्रमुख

११. आयोजना प्रमुखले मौखिक तथा लिखित रुपमा तोकिदिएको इन्जिनियरिङ्ग परामर्श सेवासँग सम्बन्धित अन्य कार्यहरु गर्ने ।

## पारिश्रमिक र अन्य सुविधाः

न्यूनतम मासिक पारिश्रमिक नेपाल सरकारले तोकेको प्रदेशस्तर अधिकृत सातौं तहको शुरु तलबमान रु. ३९,८७०/- देखि अधिकतम रु. ६०,०००/- मा नबढने गरी उपलब्ध गराउन सकिनेछ। जुन तलवमान आफूले लिन चाहेको हो सो अंक (अंक र अक्षर दुवैमा) उल्लेख गरी निवेदकले आफ्नो निवेदनसाथ उल्लेख गरी पेश गर्नुपर्नेछ। यसका साथै स्थलगत रुपमा कार्य क्षेत्रमा खटिएको अवस्थामा प्रचलित नियम अनुसार भ्रमण तथा दैनिक भत्ता उपलब्ध हुनेछ। पारिश्रमिक तथा सुविधा प्रदान गर्दा प्रचलित नियमानुसार कर कट्टी गरेर मात्र दिइनेछ । नेपाल सरकार तथा बागमती प्रदेश सरकारले तोकेको सार्वजनिक विदा बाहेक अन्य कुनै पनि विदाहरु पाइने छैन् ।

बागमती प्रदेश सरकार
संस्कृति तथा पर्यटन मन्त्रालय
पर्यटन विकास आयोजना
हेटौंडा, नेपाल

अनुसुची – १

विष्णु बहादुर भण्डारी
आयोजना प्रमुख

## निवेदनको ढाँचा

श्रीमान् आयोजना प्रमुखज्यू,
पर्यटन विकास आयोजना, हेटौंडा, मकवानपुर, नेपाल ।

मितिः ........../...../.....

| हालसालै खिचिएको मुखाकृति देखिने पासपोर्ट साइजको फोटो |
|---|

विषय :- करार सेवामा काम गर्ने अवसर पाउँ भन्ने सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा त्यस आयोजनाको मिति २०७९/०२/२२ को हेटौंडा सन्देश राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार म त्यस आयोजनामा करार सेवामा कामकाज गर्न इच्छुक भएकोले मेरो निम्न विवरण खुलाई यो निवेदन पेश गरेको छु ।

(१.) कामकाज गर्न चाहेको पद :-
(२.) नाम, थर :-
(३.) स्थायी ठेगाना :-
(४.) हाल बसोबास रहेको ठेगाना :-
(५.) शैक्षिक योग्यता :-
(६.) कार्य अनुभव :-
(७.) सम्पर्क विवरण :-
  (क.) फोन/मोबाइल नं. :-
  (ख.) E-mail ID :-

निवेदक
नामः-
दस्तखतः-
मितिः- ........... /........ /......

संलग्न कागजातहरु :-
(१.) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी
(२.) हालसालै अध्यावधिक गरिएको सि.भि.
(३.) शैक्षिक योग्यता खुल्ने प्रमाणित प्रतिलिपी
(४.) कार्य अनुभव खुल्ने प्रमाणित कागजातहरु
(५.) अन्य केहि भए उल्लेख गर्नेः ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...